# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०३।१७ गते

## प्रेस विज्ञप्ति

### विषय: बैंक भौचर सहित नियन्त्रणमा लिइएको ।

---

शिक्षा समन्वय इकाइ काभ्रेका सव इन्जिनियर धनबिर भगत र शिक्षा समन्वय इकाइ भोजपुरका तत्कालीन सव इन्जिनियर निरज कुमार चौधरीले महाभारत, काभ्रेका स्कूल भवनको निर्माण सम्पन्न प्रमाणपत्र दिलाउने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिई गएको टोलीले निजहरू सव इन्जिनियर धनबिर भगत र तत्कालीन सव इन्जिनियर निरज कुमार चौधरीले सेवाग्राहीलाई घुसबापतको रू.१,५०,०००।— (एक लाख पचार हजार) राष्ट्रिय वाणिज्य बैङ्क बनेपामा जम्मा गर्न लगाई उक्त रकम जम्मा गरेको भौचर लिइसकेको अवस्थामा निजहरूलाई उक्त भौचर सहित शिक्षा समन्वय इकाई काभ्रेको कार्यालय परिसरबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता